नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

वैदेशिक रोजगार विभाग

ई.पि.एस. कोरिया शाखा

**ग्वार्को, ललितपुर ।**

मिति २०८२।१०।०९

**मिति २०८२ माघ १८ र १९ गते (तदनुसार 1 & 2 Feb, 2026) मा हुने हवाई उडानबाट दक्षिण कोरिया जाने कामदारहरुको लागि अत्यन्त जरुरी सूचना**

यसै साथ संलग्न HRD Service of Korea बाट उल्लिखित मितिको हवाई उडानका लागि प्राप्त भएका नामावलीको सूचिमा भएका व्यक्तिहरूले तपसिल बमोजिमका कागजातहरू तपसिलको मिति र समयमा अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । सूचिमा नाम भएका व्यक्तिहरुले उडान पूर्व गर्नुपर्ने आवश्यक तयारी (अनलाईन श्रम स्विकृति) लिई तोकिएको मिति र समयमा कोरिया प्रस्थान गर्नु पर्नेछ । तोकिएको मिति र समयमा तयारी नगर्ने कामदारहरूको निर्धारित उडान तालिका प्रभावित हुन सक्ने व्यहोरा जानकारी गराईन्छ । उडान नामावली सूचिमा नाम भएका तर कोरिया जान नचाहनेहरुले सोको जानकारी, यथाशीघ्र लिखित रुपमा यस शाखामा गराईदिनुहुन समेत अनुरोध छ । जानकारी नगराउनेको हकमा व्यक्ति स्वंयम जिम्मेवार हुनुपर्ने छ ।

**पुनश्चः-** श्रम स्वीकृतको लागि सम्बन्धित व्यक्तिहरुले जुनसुकै ठाउँबाट अनलाईन मार्फत ( https://feims.dofe.gov.np/Common-Login.aspx) मा गई आफ्नो Username र Password प्रबिष्टि गरी प्रिन्ट गर्न सकिने छ ।

- सम्बन्धित व्यक्तिले www.visa.go.kr मा गई आफ्नो भिषा जारी भएको नभएको हेर्न सकिने छ ।

**कार्यालयमा राहदानी लिन आउँदा गर्नुपर्ने कार्यहरुः**

- माछापुच्छ्रे बैंकमा ई.पि.एस. कार्यालयको खातामा ४६.२० डलर बराबरको नेपाली रूपैयाँ पोर्टलमा गई अनलाइनबाट दाखिला गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- कम्तिमा ६ बर्षे वैदेशिक रोजगार आवधिक जीवन वीमा गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- वैदेशिक रोजगार कल्याणकारी कोष वापतको रकम रु. २५००/- र नेपाल सरकारले वैदेशिक रोजगारमा जाने नेपाली श्रमीकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागि गराउने निर्णय गरेकोले सो सामाजिक सुरक्षा कोषवापत न्यूनतम रु २५९६/- भुक्तानी गर्नुपर्ने र सो रकम भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।

UBT पासर कामदारको हकमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेंपाटी ललितपुरबाट लिएको पूर्व अभिमुखिकरण तालिम (Pre–Departure Training) को प्रमाणपत्रको प्रतिलिपि, पेश गर्नु पर्ने छ ।

- हवाई टिकट **Universal Tours & Travel** महाराजगंजबाट एक ट्रान्जिटवाट उडान भई दक्षिण कोरिया जान प्रति कामदार प्रति टिकट भ्याट सहित नेपाली रकम रु ५४९९१.४५ (अक्षरुपी चौवन्व हजार नौ सय एकानब्बे पैसा पैतालीस मात्र) ग्लोबल बैंकको खातावाल नाम Universal Tours And Travels P.Ltd को खाता नं ०७५०१०१००००२८१ मा भुक्तानी गरी सो को भौचर साथमा लिई Universal Tours And Travels P.Ltd महाराजगंजको ई.पि.एस डेक्सवाट हवाई टिकट वितरण हुनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर ।

- यस कार्यालयवाट मिति २०८१-१२-०७ मा E-Arrival card अनलाईनवाट भर्ने सम्बन्धमा सूचना प्रकाशन भएको व्यहोरा जानकारी भएकै छ ।उक्त प्रावधान बमोजिम E-Arrival card अनलाईन मार्फत कोरिया उड्नु भन्दा १ (एक) दिन अगावै अनलाईन भरी, सो को कपी प्रिन्ट गरी साथैमा लिई कोरिया जानु पर्ने छ । त्यसो नगरी गए त्यसबाट उत्पन्न हुने समस्याको जिम्मेवारी आफैले लिनु पर्ने छ ।
  यसमा राखिएको Q-code स्क्यान गरेर सिधै E-Arrival card को पृष्ठमा पुग्न सकिन्छ ।

QR code

**<u>पूर्व अभिमुखिकरण तालिम र राहदानी वितरण गर्ने मिति र समय:</u>**

- मिति २०८२ माघ १८ गते आइतबार उडान हुने रेगुलर कामदारहरुले मिति २०८२ माघ १५ गते (तदनुसार २९ जनवरी, २०२६) बिहिबार दिउँसो १:०० बजे अनिवार्य उपस्थित हुनु पर्ने छ।
- मिति २०८२ माघ १९ गते सोमबार उडान हुने रेगुलर कामदारहरुले मिति २०८२ माघ १६ गते (तदनुसार ३० जनवरी,२०२६) शुक्रबार दिउँसो ११:०० बजे अनिवार्य उपस्थित हुनु पर्ने छ।

<u>पुनश्चः-</u> उडान हुनु भन्दा अगाडि ई.पि.एस. शाखावाट हुने अभिमुखीकरण तालिममा सबैजना **अनिवार्य रुपमा** सहभागी हुनुपर्नेछ ।

- HRD Service of Korea वाट प्राप्त उडान तालिका २०८२ माघ १८ गते (तदनुसार फेब्रुअरी १,२०२६) रेगुलर कामदारहरु MA-71 देखि MA-93 सम्मको उडान भैरहवा विमानस्थलवाट हुने भएकोले तोकिएका स्वास्थ्य संस्थाबाट VDRL परीक्षण गराई सो को सक्कलैनिस्सा साथमा लिएर जानु पर्नेछ ।
- साथै दक्षिण कोरिया जादा अनिवार्य रुपमा E-Arrival Card, नागरिकता र प्यान कार्ड साथमा राख्नुपर्नेछ।
- राहदानी बुझिलिने दिन मा श्रम स्वीकृत पत्रको फोटोकापी, प्यान कार्डको फोटोकापी, नागरिकताको फोटोकापी, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैसेपाटी ललितपुरबाट लिएको पूर्व अभिमुखिकरण तालिम को प्रमाण पत्रको फोटोकापी पेश गर्नुपर्ने हुन्छ ।

**ई.पि. एस. कोरिया शाखा**